# धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा

२०८२/१२/२०-२५

## लैङ्गिक हिंसा रोक्थाम तथा प्रतिकार्यका लागि असल अभ्यास भईरहेका विभिन्न स्थानकोअध्ययन भ्रमण सम्पन्न प्रतिवेदन



आयोजक

महिला बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखा, IGBVRN परियोजना कार्यान्वयन ईकाई, धनकुटा नगरपालिका

------------------------------------------------------------------------------------------

# कार्यक्रम सम्पन्न प्रतिवेदन

**कार्यक्रमको नाम: परियोजना सम्बन्धी अवलोकन भ्रमण**

**तयार गर्नेः नुषराज श्रेष्ठ, GBV Specialist**

## १. परीचय (General Information)

| | |
|---|---|
| **कार्यक्रम शीर्षक** | परियोजना सम्बन्धी अध्ययन अवलोकन भ्रमण |
| **मिति** | २०८२/१२/२० गते देखि २५ गतेसम्म |
| **स्थान** | जनकपुर, रामग्राम, व्यास, कमलाममाई र उदयपुर |
| **आयोजक** | महिला बालबालिका तथा ज्येष्ठ नागरिक उपशाखा, IGBVRN परियोजना, धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा |
| **नेतृत्व** | नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत |
| **साझेदारी (भएमा)** | साझेदारी नभएको |
| **कार्यक्रमको प्रकार** (तालिम, अभीमुखीकरण, कार्यशाला, परामर्श) | अन्तरक्रियात्मक अध्ययन भ्रमण |

लैंगिक हिंसा (Gender-Based Violence) समाजमा व्याप्त गम्भीर मानव अधिकार हननको रूप हो । यस्ता हिंसात्मक गतिविधिको रोकथाम, न्यूनीकरण र प्रभावितको संरक्षण तथा पुनःस्थापना हुन अपरिहार्य छ ।यसै सन्दर्भमा धनकुटा नगरपालिकामा विश्व बैंकको अनुदान सहयोग र नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यान्वयनमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना संचालनमा रहेको छ । यस परियोजनाले विशेष गरी लैङ्गिक हिंसा न्यूनीकरणका लागि नगरपालिकालाई सँस्थागत प्रतिकार्य विधि तथा समयन्त्रहरु निर्माण गरी GBV सम्त्बन्धी सेवा प्रवाह, पहुँच र गुणस्तरमा अभिबृद्धि गर्दै सेवा प्रदायक साझेदारहरुको ज्ञान, सीप, धारणा र अभ्यासमा सुधारका साथै समुदाय सचेतिकरणका अभियानहरु संचालन गरिरहेको छ । यसरी उल्लेखित कार्यहरु सम्पादनमा अग्रपङ्तिमा रहेका जनप्रतिनिधि, कर्मचारीहरु र संघ/सँस्था प्रतिनिधिहरुका लागि ज्ञान, सीप, धारणा र उत्प्रेरणा अभिबृद्धि गर्न अध्ययन भ्रमण सम्पन्न गरिएकोछ । यस अध्ययन अवलोकन भ्रमणमा नगरपालिकाहरु र अन्य संघ/सँस्थाहरुले सञ्चालन गरेका उत्कृष्ट अभ्यासहरूको अध्ययन, अवलोकन तथा अनुभव आदानप्रदान गरिएको छ।

## २. कार्यक्रमको उदेस्य/एजेण्डा (Event Objective/Agenda)

यस भ्रमण कार्यक्रमको मुख्य उद्देश्य अन्य GBV issue Implementer हरुले कार्यान्वयन गरेका उत्कृष्ट अभ्यासहरू अवलोकन, छलफल तथा अन्तरक्रिया गर्नु हो। विशेष गरी, यस भ्रमणको उद्धेस्य निम्नानुसार रहेका थिए:

क) GBV सम्बन्धी सफल र प्रभावकारी कार्यक्रम अवलोकन गर्ने।
ख) अन्य PIU समकक्षीसँग अनुभव र विचारहरू आदान प्रदान गर्ने ।
ग) अन्य नगरपालिकाको विकास गतिविधिहरूको अवलोकन र ज्ञान प्राप्त गरी अनुसरण योग्य क्रियाकलापहरु कार्यान्वयन गर्ने।

## ३. भ्रमण गरिएका स्थानहरु

| क्र.स. | भ्रमण गर्ने ठाउँ | मिति |
|---|---|---|
| १ | जनकपुर-UNFPA /आसमान नेपाल | चैत्र २१,२०८२ |
| २ | रामग्राम नगरपालिका | चैत्र २२,२०८२ |
| ३ | व्यास नगरपालिका | चैत्र २३,२०८२ |
| ४ | कमलामाई नगरपालिका | चैत्र २४,२०८२ |
| ५ | ओरेक उदयपुर | चैत्र २४,२०८२ |

## ४. कार्यक्रममा सहभागीहरुको विवरण (Participants Information)

| क्र.सं. | नाम | प्रतिनिधित्व गरेको सँस्था र पद |
|---|---|---|
| १ | श्री चिन्तन तामाङ | प्रमुख धनकुटा नगरपालिका, धनकुटा |
| २ | श्री भिमादेवी खनाल | उप-प्रमुख धनकुटा नगरपालिका, धनकुटा |
| ३ | श्री दशरथ राई | प्रमुख प्रशासकीय अधिकृत, धनकुटा नगरपालिका, धनक्टा |
| ४ | श्री सीताराम गौतम | प्रमुख- योजना, प्रशासकीय अनुगमन शाखा, धनकुटा नगरपालिका |
| ५ | श्री रत्न बहादुर जिमी | लेखा अधिकृत, आर्थिक प्रशासन शाखा, धनकुटा नगरपालिका, धनकुटा |
| ६ | श्री राजु गुरागाईं | प्रमुख सामाजिक विकास शाखा, धनकुटा नगरपालिका, धनकुटा |
| ७ | श्री नुषराज श्रेष्ठ | GBV विज्ञ, धनकुटा नगरपालिका, धनकुटा |
| ८ | श्री फूलमाया तामाङ | महिला विकास अधिकृत, धनकुटा नगरपालिका, धनकुटा |
| ९ | श्री सिता कुमारी दुलाल | महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, जि.प्र.का., धनकुटा |
| १० | श्री धन बहादुर खड्का | संयोजक, पुरुष सञ्जाल, धनकुटा |
| ११ | श्री नहकुल राई | सदस्य, पुरुष सञ्जाल, धनकुटा |
| १२ | श्री संगिता चापागाईं | महिला पुनःस्थापना सेवा केन्द्र, धनकुटा |
| १३ | श्री सरिता मागर | मनोसामाजिक मनोविमर्शकर्ता, धनकुटा नगरपालिका, धनकुटा |
| १४ | श्री सम्झना घिमिरे | केश वर्कर, धनकुटा नगरपालिका, धनकुटा |
| १५ | श्री खिन्द्र अधिकारी | केश म्यानेजर, धनकुटा नगरपालिका, धनकुटा |

## ५. भ्रमणमा भएका मुख्य क्रियाकलाप तथा सिकाई (Key Activities & Takeaways)

### ५.१ ओरेक नेपाल, उपदयपुर (Women Rehabilitation Center) (२०८२/१२/२०)

भ्रमणको पहिलो दिन उदयपुर जिल्लाको त्रिजुगा नगरपालिका मुख्य कार्यालय बनाई विभिन्न जिल्लामा महिला सशक्तिकरणको क्षेत्रमा ३६ बर्षदेखि कार्यरत ओरेक सँस्थाका पदाधिकारी, कर्मचारी र तालिमका सहभागीहरुसँग छलफल अन्तरक्रिया भएको थियो । सर्व प्रथम सँस्थाका कर्मचारी रोशनी गुरुङले भ्रमण टोलीलाई फुलको गुच्छासहित स्वागत गर्नुभयो र भ्रमण टोलीको तर्फबाट भ्रमणको उद्धेस्य प्रष्ट गरेपश्चात रोशनी गुरुङ्ले सँस्थाको कार्य क्षेत्र र भईरहेको गतिविधिबारे देहाय बमोजिम प्रस्तुत गर्नुभयोः

- मानव अधिकार संरक्षण-समुदाय तथा स्थानीय स्तरमा वकालत, सचेतीकरण र संरक्षणमा सहयोग
- ज्ञान व्यवस्थापन-अध्ययन अनुसन्धान, सफलताको कथा, तालिम, प्रकाशन
- व्यवहार परिवर्तन-अभीमुखीकरण, तालिम, कोच, नियमित अनुगमन, अभिलेखिकरण
- तथ्यांक/अभिलेख व्यवस्थापन-उत्पादन, संकलन, विश्लेषण, database and dissemination
- लैङ्गिक हिंसा-सबै पालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना र परिचालनमा सहयोग
- महिला सुरक्षित आवास संचालन गरेको ।

प्रस्तुतीको क्रममा सहभागीहरुले जिज्ञासाहरु समेत राखेर अन्तरक्रिया भएको थियो । त्यसपश्चात ओरेक नेपालको पुरानो कर्मचारी कमला खड्काले सँस्थाको आरोह अवरोह समेट्दै महिला मानव अधिकार, चेलीवेटी शिक्षा, दनुवार समुदायलाई दैनिक पोषण, महिलाहरुलाई निशुल्क स्वास्थ्योपचार, महिलाहरुका लागि आय आर्जन लगायत लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गर्दै आएको बताउनु भयो । सँस्थाका अध्यक्ष सविता पोखेलले चुनौतीहरुको कुरा राख्दै शुरुका दिनमा “ओरेक घर फोरेक” भनेर बदनाम गर्ने गरेको । २०५६ मा महिलाहरुका लागि सुरक्षित आवास शुरु गरेको यहाँ बस्ने महिलाहरुका लागि काउन्सेलिङ गर्दै विभिन्न सीपमूलक तालिमहरु दिने गरेको र महिलाहरुको जोखिमताको स्तर हेरि हाल ओजस (A kind of safe space) खोलेर सेवा दिईरहेको वताउनु भयो । स्थानीय




सरकारसँग समन्वय गरी प्रभावित महिलाहरुलाई विभिन्न तालिम दिने विउ पुजि सपोर्ट गर्ने मनोविमर्श, कानुनि

सेवा प्रदान गर्ने, CTEVT को समन्वयमा skill test समेत गराउने कुरा जानकारी पाईयो । safe house मा लैङ्गिक हिसां प्रभावितहरुलाई राख्ने व्यवस्था भएको जानकारी पाईयो र अन्तरक्रियाको समापनपछि धनकुटा नगरपालिका र सँस्थाबिच मायाको चिनो आदान प्रदान गरी कार्यक्रम सम्पन्न गरियो ।

**सिकाई:**

१. स्थानीय संघ संस्थाहरु सँग समनवय सहकार्य बलियो वनाउदा काम गर्न सहज हुने

२. सेवाग्राहीहरुलाई सिपमूलक तालिम दिदां जिविको पार्जनमा टेवा पुग्ने

३. नतिजा निकाल्न सामूहिक, निरन्तर र अठोट प्रयास आवस्यक हुने ।

## ५.२ UNFPA Supported- Aasaman Nepal –Janakpur

मिति २०८२/१२/२१ गते भ्रमणको दोस्रो दिन आसमान नेपाल जनकपुरको मुख्य कार्यालयमा छलफल तथा अन्तरक्रिया भएको थियो । भ्रमण टोलीलाई कार्यालयमा पुग्नासाथ आसमान नेपालको तर्फबाट मृतुन्जय ठाकुर, मकाबु राम, सरस्वती दनुवार लगायतले खादा लगाई स्वागत गर्नुभयो। सबैको परिचयबाट छलफल शुरु भयो ।सर्व प्रथम धनकुटाको तर्फबाट भ्रमणको अपेक्षा राख्दै UNFPA को तर्फबाट रुपान्तरण तालिमका लागि प्राप्त भएको सामाग्री सहितको २६ वटा झोला सहयोग भएकोमा धन्यवाद ज्ञापन गरिएको थियो । आसमान नेपालको बारेमा सरस्वती दनुवारले प्रस्तुतिकरण मार्फत विषयवस्तुको बारेमा प्रस्तुत गर्नुभयो । आसमान नेपालले विशेष गरी वालवालिका, GBV, बालआवास गृह, पुन स्थापना केन्द्र निरन्तर रुपमा काम गर्दै आएको वताउनु भएको थियो । लैङ्गिक हिंसा Guideline / policy /sops समेत प्रस्तुत गर्नुभएको थियो ।आसमान नेपालको कार्यक्षेत्र २९ जिल्लामा परियोजना बिस्तार भई रहेको जानकारी पाईयो ।पालिकाहरुसँगको समन्वय र UNFPA को सहयोगमा विशेष गरी लैङ्गिक हिंसामा परेका परिवारलाई जिविकोपार्जन, किशोरी सशक्तिकरण,बालबालिकाको अधिकार संरक्षण लगायतको क्षेत्रमा काम गरिरहेको पाईयो ।



बाल अधिकार संरक्षणका लागि मुख्य गरी देहाय अनुसारका कार्यहरु अनुसरणयोग्य देखियो:

- बाल हेल्पलाईन संचालन- नम्बर: १०९८
- बाल आवास गृह संचालन
- बाल विवाह विरुद्धको अभियान
- बालश्रम मुक्त पालिका घोषणामा सहयोग
- बाल आचारसंहिता (Code of Conduct)
- IEC Materials and mass sensitization

महिला तथा किशोरी सशक्तिकरणका लागि समुदाय माझमा भन्ने कार्य अन्तर्गत मुख्य गरी देहाय अनुसारका कार्यहरु अनुसरणयोग्य देखियोः

- सामाजिक समस्याको पहिचान - CBOs परिचालन मार्फत गर्ने
- GTA tool को प्रयोग
- वडागत रुपमाः मुल्य मान्यताहरुको स्पष्टीकरण गर्ने
- सामाजिक तथा वातावरणीय र लैङ्गिक हिंसाका सवालहरु पहिचान
- Healthy relationship promotion trainings
- Power exercise through participatory methods
- सरकारी सेवा सुविधामा पहुँको बाधा हटाउने र सेवा प्रवाहम सहयोग गर्ने ।

**सिकाईः**

- CBOs निर्माण निरन्तर वैठक तथा समूदायमा भएका समस्याहरु पहिचान गरी सेवाहरु प्रदान गर्नुपर्ने ।
- यसरी लैङ्गिक हिँसाबाट प्रभावितहरुलाइ सिडमनि  सपोट गरी सीपमूलक तालिमहरु पनि दिने
- लक्षित कार्यक्रम संचालन गर्दा जुन समुदाय/समूहको सशक्तिकरणका लागि काम गर्ने त्यहि समुदायलाई परिचालन गर्नपर्ने ।

## ५.३ रामग्राम नगरपालिका (२०८३/१२/२२ गते)

भ्रमणको तेस्रो दिन रामग्राम नगरपालिकामा संचालित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना अन्तर्गत कार्यान्वयन भईरहेका कार्यहरुको बारेमा छलफल तथा अन्तरक्रिया भएको थियो । प्रशासन शाखा प्रमुख खेमराज ढकालले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता उप प्रमुख श्री सम्झना चौधरीले  गर्नु भएको र वहाँले धनकुटा नगरपालिकाको टिमलाई खदा लगाएर स्वागत गर्नु भयो । नगर प्रमुख, उप प्रमुख, PIU Members, पुरुष सञ्जालका संयोजक, पालिकाको कर्मचारीहरु र परियोजना सम्बद्ध कर्मचारीहरुको उपस्थितिमा परियोजना अन्तर्गतका क्रियाकलापहरु परियोजना विज्ञ अनुप खड्काले प्रस्तुत गरी छलफल तथा अनुभव आदान प्रदान भएको थियो । खासगरी साझेदार



संस्थाहरुको क्षमता विकास, सञ्जालहरु गठन र परिचालन सेभ स्पेश स्थापना र मामला व्यवस्थापनको क्षेत्रमा भएका कार्यहरुको बारेमा छलफल भएको थियो IEC Materials हरु जस्तै लैङ्गिक हिंसा सम्बन्धी जानकारीमूलक ब्रोसर, भिजिटिङ कार्ड, बुकलेट तथा आचारसंहिता निमार्ण गरिएको वताउनु भएको थियो । Hotline/प्रत्यक्ष फोनको व्यवस्था गरिएकाले सो मार्फत धेरै case आउन थालेको वताउनु भएको थियो । सबै भन्दा धेरै case घरेलु हिंसाको दर्ता भएको जानकारी दिनु भएको थियो । Mental health सम्वन्धी १० वटा केश दर्ता भई सेवा समेत प्रदान गरेको र सेवा पश्चात सुधार भएको जानकारी पाईयो । लैङ्गिक हिंसाका केशहरु समुदाय बाट स्वत स्फूर्त नआएको तर समुदाय विद्यालय आमा समुह विभिन्न संघ संस्थाहरु जनप्रतिनिधिहरु र न्यायीक समितिको माध्यम बाट केशहरु आउन थालेको जानकारी दिनु भए थिथो।

उपमेयर को भनाई : "'रामग्राम नगरपालिकामा लैङ्गिक हिंसाको बारेमा गरिरहेको सेवाहरुको बारेमा हरेक कार्यक्रममा भन्ने गरेको लैङ्गिक हिंसाको म एकदमै सकारात्मक रुपमा लागेको र न्ययीक समितिमा आएको केश दर्ता नभइ न्ययीक समितिमा हेर्ने नगरेको" अवस्था बारेमा बताउदै कार्यक्रम समापन गर्नु भएको थियो ।

**सिकाई:**

- न्यायीक समितिसँग निरन्तर सहकार्य गरी प्रभावितलाई सेवा प्रदान गर्नु पर्ने भएकाले न्यायीक समितिको क्षमता अभिबृद्धि गर्नपर्ने ।
- IEC Materials ले कार्यक्रमहरुको प्रचार प्रसारमा सहयोग गरी जनचेतना अभिबृद्धि गर्ने ।
- परियोजनाको गतिविधिमा पालिकाको कर्मचारी र जनप्रतिनिधिलाई नै बढी जिम्मेवार बनाएमा यस्ता कार्यहरुकमा दीगोपना आउने ।

## ५.४ व्यास नगरपालिका तनहुँ (२०८३/१२/२३ गते)

भ्रमणको चौथो दिन तनहुँ जिल्लाको व्यास नगरपालिकामा पुगेको थियो । नगर प्रमुख श्री वैकुन्ठ नेउपाने ज्युले धनकुटा नगरपालिकाको टिमलाई मन्तव्य वाट स्वागत गर्नु भएको थियो भने उपप्रमुख ज्यूले खदा लगाइ स्वागत गर्नु भएको थियो ।

सबै सहभागिहरुले परिचय गर्नु भएको थियो र व्यास नगरपालिकाको प्रमुखले धनकुटा नगरपालिकाका मेयरलाई आफ्नो भनाई राख्नु भयो साथै भ्रमणको उद्देश्य र परियोजना बारेमा नुषराज श्रेष्ठ ज्यू ले स्पस्ट पार्नु भएको थियो । त्यसैगरी व्यास नगरपालिका उपप्रमुख ईन्दीरा दरैले लैङ्गिक हिंसाका घटनाहरु न्ययीक समितिले हेर्न नमिल्ने भए तापनि समन्वय र सहकार्य गर्ने गरेको तर घरेलु हिंसाका केशहरु धेरै आउने गरेको समस्या धेरै छन् सबैको चित्त बुझाउन कठीन रहेको बताउनु भएको । पालिकाको १४ वटा वडा छन् सबैमा मेलमिलापकर्ताहरुले काम गरिरहेको समेत बताउनु भयो । नगर प्रमुख न्यौपानेले लैङ्गिक हिंसा कम गराउन सशक्तिकरणले भन्दा पनि महिलाहरुलाई प्रत्यक्ष नेतृत्वमा सहभागी गराएमा प्रतिफल चाँडो उपलब्ध हुने भए तापनि चेतनामूलक अभियानहरु

आवस्यक रहेको कुरा राख्नु भयो । खासगरी सामाजिक सुरक्षा, विपद व्यवस्थापन, सफ्ट्वेयरहरुको प्रयोग, शुसाशन तथा अख्तियार लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो र मायाको चिनो साटासाट गरेर कार्यक्रम सम्पन्न भएको थियो ।

**सिकाईः**

- आन्तरिक स्रोतको बृद्धि गर्नसके स्रोत परिचालनमा सहयोग भई सहभागितामूलक सानातिना आयोजनाहरु संचालन गर्न सहज हुने ।
- कम्प्युटर सफ्ट्वेयरहरुको प्रयोगले दैनिक सेवा प्रवाहमा एकरुपता र चुस्तता ल्याउने ।

## ५.५ नवज्योति बहिरा माध्यमिक विद्यालय सिन्धुली (२०८३/१२/२४ गते)

भ्रमणको पाँचौ तथा अन्तिम दिन अध्ययन भ्रमण टोली कमलामाई नगरपालिकाको वडा नं. ४ स्थित नवज्योती बहिरा माध्यमिक विद्यालयमा पुग्यो । टोलीलाई प्रधानध्यापक विजय तमाङ्ग ज्युले धनकुटा नगरपालिकाको टिमलाई स्वागत गर्नु भयो। विद्यालय परिवार र भ्रमण टोलीबिच परिचय र मायाको चिनो आदान प्रदान भएको थियो । सरकारी बजेटमा संचालन भईरहेको उक्त विद्यालयमा देशका विभिन्न जिल्लाबाट कान नसुन्ने भई अपाङ्गता भएका विद्यार्थीहरु अध्ययन गर्न आउने गरेको र यहाँ कक्षा १० सम्म पढाई हुने भएतापनि विद्यार्थीहरुलाई विभिन्न सीपमूलक तालिम दिने र सो तालिमबाट सीप विकास भई बनाएका सामाग्रीहरुको विक्री वितरणमा सहयोग गरी उनीहरुको आय आर्जनमा समेत टेवा पुगेको गरेको देखियो । विद्यालयको गतिविधि वारेमा जानकारीका साथ त्यहाँ संचालन भईरहेको सिपमुलक तालिमको अवलोकन गरिएको थियो ।

**सिकाईहरु**

१. मानिसको फरक क्षमता भएता पनि अवसर प्रदान गर्दा जिविकोपार्जनमा टेवा पुग्ने ।
२. बजारको माग वुझेर सिपमूलक तालिम दिदा वेरोजगारी न्युनीकरण हुनसक्ने ।
३. हिंसा प्रभावितहरुलाई सिपमूलक तालिम दिइ व्यवसायमा जोड्न सकिने ।
४. अपाङ्गता भएकाहरुलाई पनि क्षमता अनुसार तालिम र सिड मनि व्यवस्था गर्नु पर्ने ।

५.६ भ्रमणको अन्तिम दिन भ्रमण टोली २०८२/१२/२६ गते धनकुटा आगमन भएको थियो ।

## ६. कार्यक्रमको निष्कर्ष (Event Summary)

भ्रमण गरिएका नगरपालिकाहरूले गरेका उत्कृष्ट अभ्यासहरूको अनुभव समावेश गरी प्रतिवेदन तयार गरिएको छ ।नगरपालिकाका पदाधिकारी, कर्मचारीहरु तथा साझेदार सँस्थाका प्रतिनिधीहरु लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमको अवधारणा र सञ्चालन मोडालिटीसँग अझ स्पष्ट रूपमा परिचित भएकाछन् । अन्य स्थानको सफल अभ्यास/कार्यान्वयनको अवलोकन र छलफल तथा उत्कृष्ट अभ्यासहरूबाट सिक्ने अवसर

मिलेकोछ । यस अध्ययन भ्रमणका सहभागीहरुबाट धनकुटा नगरपालिकामा IGBVRN परियोजनाका विभिन्न गतिविधिहरूमा सकारात्मक योगदान पुऱ्याउनका साथै लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि व्यक्तिगत र सँस्थागत रुपमा योगदानको प्रयास हुनेछ ।

## ७. अनुसुचीहरु (Annexes)

१. अध्ययन भ्रमण कार्यक्रम तालिका (२०-२५, चैत्र २०८२)

| क्र.सं. | मिति | कार्यक्रम विवरणहरू |
|---|---|---|
| १ | चैत्र-२० | • धनकुटाबाट प्रस्थान —जनकपुरमा बेलुका बास |
| २ | चैत्र-२१ | • UNFPA को सहयोगमा आसमान नेपाल सँस्थासँग छलफल- Safe house / बाल हेल्पलाईनको अवलोकन तथा छलफल<br>• जनकपुरबाट प्रस्थान, अमलाटारी नवलपरासी बेलुकाको बास |
| ३ | चैत्र-२२ | • रामग्राम प्रस्थान<br>• रामग्राम नगरपालिका IGBVRN अन्तर्गत- PIU, जनप्रतिनिधि र कर्मचारीहरु सँग कार्यक्रमको बारेमा छलफल तथा अन्तरक्रिया<br>• तानसेन बेलुका बास |
| ४ | चैत्र-२३ | • व्यास नगरपालिका प्रस्थान<br>• व्यास नगरपालिकाको लैंगिक हिंसा, अपाङ्गता र न्यायीक सेवा प्रवाह सम्बन्धी पदाधिकारीहरुसँग अन्तरक्रिया छलफल<br>• हेटौंडामा बेलुका बास |
| ५ | चैत्र-२४ | • कमलामाई सिन्धुली प्रस्थान<br>• कमलामाई ४ स्थित नवज्योती बहिरा माध्यमिक विद्यालयमा अन्तरक्रिया<br>• WOREC उदयपुरको गतिविधि अवलोकन र छलफल<br>• उदयपुर बेलुका बास |
| ६ | चैत्र-२५ | • धनकुटा आगमन |

## ओरेक उदयपुरसँगको अन्तरक्रिया कार्यक्रम




## जनकपुर UNFPA – आसमान नेपाल अन्तरक्रिया कार्यक्रम







रामग्राम नगरपालिकासँग अन्तरक्रिया कार्यक्रम











व्यास नगरपालिकामा अध्ययन टोली



नवज्योती बहिरा मा . वि .
कमलामाई नगरपालिका–४
सिन्धुली



